CHINTAN-DHARA: A Multidisciplinary Peer-Reviewed Journal
VOL-17, pp 85-95, March, 2023
ISSN: 2091-2714
DOI: https://doi.org/10.3126/cd.v17i01.53267
Tribhuvan University Teachers' Association
Campus Unit Committee, Dhankuta Multiple Campus, Dhankuta, Nepal.

# प्रेमा शाहका संलग्न स्वकथनात्मक समाख्यानमा वाच्यत्व

***लतादेवी पौडेल***[1]
*Email: paudyallata@gmail.com*

## सार

*प्रस्तुत लेख प्रेमा शाहका संलग्न स्वकथनात्मक समाख्यानमा वाच्यत्व विश्लेषणमा आधारित छ । आख्यानको संरचना विश्लेषण गर्ने सैद्धान्तिक अवधारणालाई समाख्यानशास्त्र भन्छि । समाख्यानमा वाच्यत्वले समाख्याताको आवाजलाई बुझाउँदछ । समाख्याता स्वयम् पात्रका रूपमा कथासंसारभित्र उपस्थित भएर आफ्नो कथा आफै वाचन गरेको समाख्यानतालाई संलग्न स्वकथनात्मक समाख्यान भनिन्छ । समाख्यानमा समाख्याताले व्यक्त गरेका विचारहरूबाट वाच्यत्व पहिचान गर्न सकिन्छ । यसमा शाहका पहेँलो गुलाफ कथासङग्रहमा सङगृहीत 'पहेँलो गुलाफ' र 'सिउँडीको भ्याङमा' संलग्न स्वकथनात्मक कथालाई सोद्देश्य छनोट विधिका आधारमा लिई वाच्यत्व निरूपण गरिएको छ । यसमा पुस्तकालय अध्ययन विधिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । जसमा छनोट गरिएका कथालाई प्राथमिक स्रोत र ती कथासँग सम्बन्धित लेखरचना, अनुसन्धान, समालोचना र सैद्धान्तिक सामग्रीलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिई जेराट जेनेट, मिकि बल, रिमोन केनोन, जेनलगायतका समाख्यानाशास्त्रीहरूका वाच्यत्वसम्बन्धी सिद्धान्तलाई पाठ विश्लेषणको आधार बनाइएको छ । यसमा कथाको वाच्यत्वको निरूपणको लागि समाख्याताको आत्मगत अभिव्यक्ति, समाख्याताको दृष्टिकोण, समाख्याताको पक्षधरता र विषयक्षेत्रको निर्धारण तथा पात्र चयनलाई आधार बनाई कथाहरूको गहन अध्ययन तथा विशलेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा सन्दर्भसामग्रीको प्रयोगमा ए. पि. ए. पद्धतिको प्रयोग गरिएको छ ।*

***शब्दकुञ्जिका*** *: आत्मगतअनुभूति, दृष्टिकोण, पक्षधरता,समाख्याता*

## परिचय

प्रस्तुत लेख प्रेमा शाहका संलग्न स्वकथनात्मक समाख्यानमा वाच्यत्व शीर्षकसँग सम्बद्ध रहेकाले यसभित्र प्रेमा शाह र उनका संलग्न स्वकथनात्मक समाख्यानमा वाच्यत्व दुई पक्षहरू रहेका छन् । विषयपरिचयका क्रममा यिनै दुई पक्षको चिनारी दिइएको छ ।

प्रेमा शाह (२००२-२०७४) नेपाली साहित्यकी वहुमुखी प्रतिभा हुन् । उनलाई चिनाउने लोकप्रिय विधा कथा हो । शारदा पत्रिकामा प्रकाशित 'प्रतिक्रिया' (२०१८) कथाका माध्यमबाट नेपाली कथा यात्रको थालनी गरेकी शाहका *पहेंलो गुलाफ* (२०२३) र *विषयान्तर* (२०२८) दुईवटा कथासङ्ग्रह प्रकाशित छन् । मानव मनको सूक्ष्म विश्लेषण गर्दै यौन अतृप्तिबाट उत्पन्न अनेकौं समस्याहरूलाई कथामा चित्रण गर्ने शाह मूलत मनोवैज्ञानिक कथाकार हुन् । यिनका

---

[1] *लेखक त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा नेपाली विषयको उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

कथाहरूमा यौनको चाहना, तृष्णा, यौन हिंसा जस्ता पात्रका मनोवैज्ञानिक समस्याहरूको प्रस्तुति पाइन्छ । आफू बाँचेका युगका यथार्थ घटनाहरूलाई कलात्मक रूपमा प्रस्तुत गर्ने शाकका कथामा स्वतन्त्रताका निम्ति मान्छेभित्र उम्लिएको विद्रोह, अर्थहीन वा निस्सार जीवन भोगाइ, एक्लोपनको नियतिग्रस्त मानवीय तनाव, विसङ्गत मृत्यु, यौन आवेग आदिको प्रस्तुति पाइनुका साथै कथामा अकथात्मक शैलीको प्रस्तुति पाइन्छ ।

आख्यानको सैद्धान्तिक अवधारणाको व्याख्या गर्ने शास्त्रलाई समाख्यानशास्त्र भनिन्छ । यो अङ्ग्रेजी भाषामा प्रयुक्त 'न्यारेटोलजी' को नेपाली रूपान्तरण हो । कुनै पनि कथ्य वा लेख्य सामग्रीको आख्यानात्मक संरचनालाई समाख्यान भनिन्छ । समाख्यानशास्त्रको सैद्धान्तिक पद्धतिका आधारमा कथाकृतिको विश्लेषण गर्दा कथाका समाख्याता, समाख्यानात्मक वाच्यत्व, कथनीयता आदिलाई आधार बनाइन्छ । समाख्यानमा समाख्याताको आवाजलाई नै वाच्यत्वको रूपमा लिने गरिन्छ ।

**समस्याकथन र उद्देश्य**

प्रेमा शाहका संलग्न स्वकथनात्मक समाख्यानमा के कस्तो वाच्यत्व रहेको छ भन्ने प्राज्ञिक जिज्ञासा प्रस्तुत लेखको प्रमुख समस्याका रूपमा रहेको छ । शाहका संलग्न स्वकथनात्मक समाख्यानमा केन्द्रित भएर हालसम्म वाच्यत्वको गहन अध्ययन भएको पाइँदैन । यसै सन्दर्भमा प्रस्तुत मूल समस्यामा केन्द्रित गरी शाहका संलग्न समाख्यानमा वाच्यत्वको विश्लेषण गरी निकर्षमा पुग्नुलाई यस लेखको मुख्य उद्देश्यका रूपमा लिइएको छ ।

## सामग्री र अध्ययनविधि

प्रस्तुत लेख पूर्णतः साहित्यिक एवम् गुणात्मक अध्ययन भएकोले अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । यसमा अध्ययनको उद्देश्यलाई आधार मानी उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा पुस्तकालयबाट अध्ययन विधिबाट प्रेमा शाहका *पहेँलो गुलाफ* कथासङ्ग्रहबाट 'पहेँलो गुलाफ' र 'सिउँडीको भ्याङमा' कथालाई प्राथमिक स्रोतका सामग्री र उक्त पाठविश्लेषणसँग सम्बन्धित सैद्धान्तिक पाठ्यपुस्तक, लेखरचना, समालोचना तथा समीक्षालाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ । सङ्कलित सामग्रीहरूको विश्लेषणका लागि जेराट जेनेट, लरेन्स, मिकी बल, रिमोन केनोन, रोलाबार्थ, जेनलगायतका समाख्यानशास्त्रहरूका वाच्यत्वसम्बन्धी मान्यताको उपयोग गरिएको छ । कथाको विश्लेषणमा निगमनात्मक पाठविश्लेषण विधिको उपयोग गरिएको छ । यसमा उल्लिखित शोध्य समस्याको समाधानका लागि समाख्याताको आत्मगत अभिव्यक्ति, समाख्याताको दृष्टिकोण, समाख्याताको पक्षधरता तथा पात्र चयनको विश्लेषणमा केन्द्रित गरी लेखलाई सीमाङ्कन गरिएको छ ।

## विश्लेषण र परिणाम

**विश्लेषणको सैद्धान्तिक आधार**

समाख्यानात्मक वाच्यत्व अङ्ग्रेजी को 'न्यारेटिभ भ्वाइस' को नेपाली रूपान्तरण हो । आख्यानमा कथा भन्ने समाख्याता हुन्छ भने वाच्यत्व समाख्याताको स्वरसँग सम्बन्धित हुन्छ । यसमा कथा कसले भनेको छ, त्यसलाई आधार बनाइन्छ । वाच्यत्वका सम्बन्धमा समाख्यानशास्त्रीहरूका आ-आफ्नै धारणाहरू रहेका छन् । जेराट जेनेट ( सन् १९८०, पृ. ११२-११४) ले समाख्यानमा कथा भन्ने व्यक्तिको आवाजलाई वाच्यत्वको रूपमा लिएका छन् । पाठमा आउने समाख्याताको चर्चा गर्ने क्रममा उनले वाच्यत्वको विषयमा प्रस्ट पारेका हुन् । उनले वाच्यत्व वर्णनका उदाहरणहरू विविध हुन सक्छन् भन्दै जुन समाख्यानमा समाख्याताको आवाजलाई पाठक वा श्रोताले सजिलै ठम्याउन सक्छ त्यसलाई उच्च किसिमको समाख्यान मानेका छन् । लरेन्स (सन् १९९३, पृ ७५) ले वाच्यतालाई पाठनिष्ठ र अन्तर्पाठकीय स्तरमा वर्गीकरण गरेका छन् । मिखायल बाख्तिन (सन् १९८०) ले वाच्यतालाई समाख्याताको वाच्यताका रूपमा चिनाउँदै वाच्यता पाठनिष्ठ र अन्तर्पाठात्मक हुने बताएका छन् । उनले पाठनिष्ठ वाच्यताका रूपमा आख्यानको समाख्याता र चरित्रहरू आउँदछन् भने अन्तर्पाठात्मक वाच्यता भनेको चाहिँ लेखक रहने बताएका छन् (गौतम, २०६९, पृ. १) ।

समाख्यानमा को बोल्दैछ वा कथा कसले भन्दै छ भन्ने प्रश्नलाई केन्द्रमा राखिन्छ र यही आधारमा पाठको समाख्यानात्मक वाच्यत्वको निर्धारण गरिन्छ (गौतम, २०६९, पृ. १) । समाख्यानमा समाख्याताले नै घटना प्रस्तुत गर्ने, पात्रका कार्यव्यापारको टिप्पणी गर्ने तथा श्रोता वा पाठकसमक्ष विचार, भाव वा सन्देश सम्प्रेषण गरी सम्पर्क स्थापित गर्ने हुँदा समाख्यातालाई वाच्यत्वको आधार मान्ने गरिन्छ। समाख्याताका माध्यमबाट श्रोता वा पाठकसँग समाख्यानात्मक विचार, भाव वा कथ्य विषयको सञ्चार सम्पर्क स्थापित हुने हुँदा आख्यानात्मक सङ्कथनको समाख्याता नै वाच्यत्व हो भन्ने कुरा प्रष्ट हुन्छ । वाच्यत्वको प्रश्न खासगरी समाख्याताको स्वर र दृष्टिकोणसँग जोडिएको  हुन्छ । कुनै समाख्यानमा समाख्याताको स्वर टड्कारो हुन्छ भने कुनैमा मधुरो हुन सक्छ । कुनैमा उच्च हुन सक्छ भने कुनैमा अलि मन्द हुन सक्छ । कुनै समाख्यानमा समाख्याताको आवाज नजिकै जस्तो लाग्न सक्छ भने कुनैमा टाढाको जस्तो सुनिन्छ । समाख्यानमा समाख्याताले पात्रका रूपमा आएर वा नआएरै पनि कथा प्रस्तुत गर्ने हुनाले उसका बारेका सूचनाहरू कतै न कतै वा कुनै न कुनै रूपमा छाडेकै हुन्छ। समाख्याताबारेका यस्ता सूचनाहरूबाटै समाख्यानात्मक वाच्यत्व पहिचान गर्न सकिन्छ। समाख्याताको आवाजको प्रतिनिधित्व गर्ने थुप्रै पक्ष हुन सक्छन्। पाठकले पाठभित्र समाख्याताको आवाजलाई दिमागको कानबाट सुन्दछ भन्ने समाख्यानशास्त्रीहरूको कथन रहेको छ (गौतम, २०६९, पृ. ३) । समाख्याताबारे जति धेरै सूचनाहरू प्राप्त गर्न सकिन्छ, त्यति नै बढी समाख्यानात्मक वाच्यत्वबारे थाहा पाउन  सकिन्छ। कुनै समाख्यानमा एकभन्दा बढी वाचक वा समाख्याताहरू हुन सक्छन् र वाचकअनुसार नै फरकफरक वाच्यत्व हुन सक्छ । व्यक्तित्व, उमेर, रुचि, पेसा, परिवेश, जीवन भोगाइ, विश्वास, आस्था, चिन्तन, मूल्यमान्यता, विचारधारा, लैङ्गिकता आदि समाख्याताको वाच्यत्वका सूचकहरू हुन् । त्यस्तै समाख्याताको पात्र चयन, घटना, परिवेश वा परिस्थितिको टिप्पणी, दृष्टिकोण वा बुझाइबाट पनि वाच्यत्व पहिचान गर्न सकिन्छ ।

समाख्यानमा समाख्याताको अभिवृत्तिका माध्यमबाट धेरै सूचनाहरू पाउन  सकिन्छ। कथामा पात्रको रूपमा समाख्याताको उपस्थिति संलग्न र असंलग्न गरी दुई प्रकारको हुन्छ। कथामा संलग्न समाख्याता प्रथमपुरुषका रूपमा रहेको हुन्छ भने असंलग्न समाख्याता द्वितीयपुरुष र तृतीयपुरुषका रूपमा रहेको हुन्छ । प्रथमपुरुष 'म' का रूपमा कथासंसारभित्र रहने समाख्याताले आफ्नै या अरू कसैको कथा भनेको हुन्छ । कथाभित्र उपस्थित भएर आफ्नो कथा आफ्नै भन्ने समाख्यातालाई संलग्न स्वकथनात्मक समाख्याता भनिन्छ। कथाभित्र ऊ भोक्ता नायकका रूपमा मात्र नभएर द्रष्टा रूपमा पनि आउँछ (गौतम, २०७१, पृ. १०) । प्रथम पुरुष समाख्यानअन्तर्गत भोक्ताका रूपमा रहेर आफ्नो कथा आफै भन्ने समाख्याताको आवाज प्रस्ट र खुला प्रकृतिको हुन्छ । संलग्न स्वकथनात्मक साख्यानमा समाख्याता स्वयं समाख्यानको कार्यात्मक तहमा आउने र आाफ्नो कथा आफै भन्ने हुनाले उसबारे धेरै सूचनाहरू प्राप्त गर्न सकिन्छ । समाख्याताको अवाज पहिचा गर्नका निम्ति कथामा समाख्याताको आत्मगत अभिव्यक्ति, समाख्याताको दृष्टिकोण, समाख्याताको पक्षधरता, विषयक्षेत्रको निर्धारण र पात्रचयन जस्ता पक्षलाई आधार बनाइन्छ। यस लेखमा प्रेमा शाहका संलग्न स्वकथनात्मक समाख्यानमा पाइने वाच्यत्वको पहिचान निम्नलिखित उपशीर्षकमा गरिएको छ।

**प्रेमा शाहका संलग्न स्वकथनात्मक समाख्यानमा वाच्यत्व**

प्रेमा शाहका पहेँलो गुलाफ कथासङ्ग्रहमा सङ्गृहीत 'पहेँलो गुलाफ', 'सिउँडको भ्याङमा संलग्न समाख्याता भएका कथा हुन्। यी समाख्यानमा वाच्यत्वको विश्लेषण निम्नलिखित उपशीर्षकका आधारमा गरिएको छ।

**समाख्याताको आत्मगत अभिव्यक्तिका रूपमा वाच्यत्व**

समाख्याताको आत्मगत अभिव्यक्तिबाट समाख्यानात्मक वाच्यत्व पहिचान गर्न सकिन्छ। संलग्न स्वकथनात्मक समाख्यानमा समाख्याताको उपस्थिति प्रथमपुरुष 'म' का रूपमा रहेको हुन्छ । यस्तो समाख्यानमा समाख्याता स्वयं कथासंसारभित्र रहने हुनाले उसको आत्मपरक अभिव्यक्तिबाट उसबारेका धेरै सूचनाहरू पाउन सकिन्छ । समाख्याताले आफ्नो अनुभूति प्रस्तुत गर्दा त्यसबाट उसको व्यक्तित्व, उमेर, रूचि, स्वभाव जस्ता विशेषताहरू अभिव्यक्त भइरहेका हुन्छन् । संलग्न स्वकथनात्मक समाख्यानको समाख्याता भोक्ता र साक्षी वा द्रष्टा दुवै रूपमा आउन सक्छ । भोक्ताका

रूपमा आउँदा उसले कुनै घटना वा विषय, पात्र र परिवेश वा परिस्थितिका बारेको आफ्नो निजात्मक अनुभूति प्रस्तुत गर्न सक्दछ । संलग्न स्वकथनात्मक समाख्यानमा समाख्याता जुनसुकै भूमिकामा रहे पनि उसको निजात्मकताले अभिव्यक्त हुने प्रशस्तै ठाउँ पाएको हुन्छ । यस्ता समाख्यानमा समाख्याताका कोणबाट मात्र नभई पात्रका माध्यमबाट पनि वाच्यत्व प्रदर्शित हुने हुनाले पात्रको आत्मगत अभिव्यक्ति नै वाच्यत्वको रूपमा रहेको हुन्छ ।

प्रेमा शाहको 'पहेँलो गुलाफ' संलग्न स्वकथनात्मक समाख्यान हो । यसको समाख्याता 'म' भोक्ता र दृष्टा दुवै हो । यसमा समाख्याताले टिबी रोग लागेका कारण आफू अस्पतालमा बस्नुपर्दाको समयमा श्रीमान्ले आफूमाथि गरेको यौन शोषणबाट उत्पन्न पीडालाई व्यक्त गरेकी छ । यस कथाकी समाख्याताले कथासंसारभित्र रहेर घटना, परिस्थिति, अवस्थाका सन्दर्भमा आफ्नै जीवन भोगाइका अनुभवहरू आत्मगत अभिव्यक्तिका रूपमा प्रस्तुत गरेकी छ । यस क्रममा उसले आफ्नाबारेमा प्रशस्तै सूचनाहरू छोडेकी छ । यसको लागि निम्नलिखित कथांशलाई उदाहरणका रूपमा लिन सकिन्छ :

> टीबी भएको सुनेर मलाई दुःख लागेन, बरु खुसी लाग्यो । मैले सोचेकी थिएँ, कमसेकम यो यातनाबाट छुटकारा त पाइयो । त्यसै दिन ईश्वरको नाउँमा एउटा धूप सल्काएँ ।... एउटा दुःखमा अर्को दुःखलाई बिर्सने प्रयत्न गरेँ, तर यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नुपरेको छ ।.... हिजोको एउटा घटना पनि लेखिहालूँ । सम्झन पनि सक्दिन, लाज लाग्छ । अहिले औषधी खुवाउन आउँदा डाक्टरलाई सोझो हेर्न पनि सकिन, उसलाई पनि सबै कुरा थाहा छ । थाहा किन नहोस् उसलाई, म उसकै हातकी प्राइभेट प्यासेन्ट । हिजो राति पनि त्यस बेलासम्म उहाँ पलङमा मेरै छेउमा पल्टिरहनुभएको थियो ।....एकछिनपछि उहाँलाई डाक्टरको कल आयो । उहाँ हाँस्दै कोठाबाट निस्कनुभयो र फेरि हाँस्दै फर्कनुभयो । सिल्लि डाक्टर मेरो मुख रन्न तात्यो, मैले उहाँलाई हेरेँ । अनुहार निर्विकार थियो मलाई ज्यादै थकथकी लाग्यो । के गर्नु, सबै कुरा बुझेर पनि लाज पचाएर बसेँ (प्रेमा शाह, २०७४, पृ.७ - ८) ।

प्रस्तुत साक्ष्यमा समाख्याता 'म' को निजी अनुभूति प्रस्तुत भएको छ । यसमा समाख्याताले आफू टिबी रोग र श्रीमान्ले दिने यौनशोषणको पीडालाई वर्णन गरेकी छ । यस कथाकी समाख्याता विवाहित महिला हो । ऊ श्रीमान्को यौन पीडाबाट आक्रान्त बनेकी छ । उसले टिबी रोग लागेको सुन्दा आफूलाई दुःख नलगेर खुसी लागेको कुरा आत्मगत अभिव्यक्तिका रूपमा व्यक्त गरेकी छ । लोग्नेको यौनहिंसाबाट पीडित बनेकी यस कथाकी समाख्याताले लोग्नेले आफूमाथि यौनहिंसा गर्नुमा आफ्नो पनि कमजोरी रहेको कुरा व्यक्त गरेकी छ । समाख्याताको यस किसिमको अभिव्यक्तिलाई यस कथांशले पुष्टि गर्दछ : "दुई महिना थला परेको बेलाबाहेक छ महिना मैंले नरकको कीराभैं उहाँको थुकभित्र लटपटिएर काटेकी छु । त्यो थुक कहिल्यै सुक्दैन, घट्दैन । मेरा हातखुट्टा सबै यसैमा टाँसिएका छन् , न आँखा उघार्न सक्छु म । मेरा परेला त्यही प्याचप्याच परेको थुकमा जमेका छन्" ( शाह, २०७४, पृ. ७) ।

प्रस्तुत कथाकी समाख्याता सृजनामा रुचि राख्ने लेखक पनि हो जुन कुरा माथिको साक्ष्यमा रहेको "हिजोको कुरा पनि लेखिहालूँ" भन्ने कथांशले सो कुरा पुष्टि गर्दछ । यसका साथै ऊ सामाजिक मूल्यमान्यता, चालचलन तथा बाह्य मानिसहरूसँग के कस्तो व्यवहार कुन समयमा गर्नु पर्छ भन्ने विषयमा संवेदनशील देखिन्छे । जुन कुरा "हिजो राति पनि त्यस बेलासम्म उहाँ पलङमा मेरै छेउमा पल्टिरहनुभएको थियो । डाक्टर के कामले हो झ्वास्झ्वास्ती कोठामा पस्यो, फेरि ठाडै खुट्टाले ऊ फर्कियो ।.... सिल्ली डाक्टर मेरो मुख रन्न तात्यो, मैले उहाँलाई हेरेँ । अनुहार निर्विकार थियो मलाई ज्यादै थकथकी लाग्यो" भन्ने यस कथांशले पुष्टि गरेको छ । उसले श्रीमान्को आफूसँगको यौनसम्बन्धका बारेमा गरेका क्रियाकलापले आफू लज्जित भएको अनुभव गरेकी छ । यसले प्रस्तुत कथाकी समाख्याता नैतिकवान, इमान्दार तथा सामाजिक मूल्यमान्यताको इज्जत गर्ने किसिमको देखिन्छ ।

यसैगरी प्रस्तुत कथामा समाख्याताले आत्मगत अनुभूतिका क्रममा जीवनप्रतिको निराशावादी भाव पनि व्यक्त गरेकी छ । यसमा उसले श्रीमान्को यौनशोषण खपेर बाँचनुभन्दा टिबी रोगा लागेकोले मर्न पाउने भएँ भन्ने खुसी व्यक्त

गरेकी तर मानिसहरूले टबी रोग लागेका मानिसहरू धेरै बाँच्छन् भन्ने सुनेकोमा पीर मानेकी छ । समाख्याताको यस किसिमको आत्मगत अनुभूतिलाई यस कथांशले पुष्टि गर्दछ : “न आँखा उघार्न सक्छु म ।...कस्तो घिनलाग्दो जीवन ! कहिले त लाग्छ, त्यो प्वाजन खोलेको सिसी स्वात्तै घाँटीभित्र खन्याइदिऊँ तर नाइँ, म त्यसो गर्न सक्दिन । यो तातो भतभती पोल्ने नरकुण्डमा अझ कति यसैगरी जीवनलाई घिच्याइरहनुपर्ने हो । भन्छन्, टीबीले खाएकाहरू झन् धेरै बाँच्छन् रे” (प्रेमा शाह, २०७४, पृ. ८) ।

प्रस्तुत कथामा संलग्न स्वकथनात्मक समाख्याताले कथासंसारभित्र उपस्थित भएर आफ्नो जीवन भोगाइका यथार्थ अनुभूतिलाई निजात्मक रूपमा कथामा प्रस्तुत गरेकी छ। यसमा समाख्याताले व्यक्त गरेको निजात्मक अनुभूतिबाट ऊ आफ्नो श्रीमान्को यौनजन्य शारीरिक सम्बन्धबाट आक्रान्त र पीडित देखिन्छे तर व्यवहारले अस्वीकार गर्न सकिराखेकी छैन । उसले लोग्नेले आफूप्रति गर्ने माया शारीरिक भोगका लागि मात्र रहेको एकिन गरेकी छ । उसले आफ्नो लोग्ने मात्र होइन यौन तथा शारीरिक सम्बन्धका विषयमा सबै पुरुषहरूमा एकै किसिमको स्वभाव हुने कुरा डाक्टरले आफ्नो श्रीमान्प्रति देखाएको लाचारीपूर्ण व्यवहारबाट मूल्याङ्कन पनि गरेकी छ । आफ्ना जीवन भोगाइका अनुभूतिहरुलाई पाठक समक्ष खुलस्त राख्ने प्रस्तुत कथाको समाख्याता उच्च र खुलस्त आवाज भएकी छ। यस समाख्याताले आफ्नै अगाडि श्रोता भए झैं गरी एकोहोरो रूपमा आफ्ना अनुभूतिहरू सुनाइरहेको अनुभव गरेकी छ।

शाहको ‘सिउँडीको झ्याङमा’ संलग्न स्वकथनात्मक समाख्याता भएको कथा हो । यस कथाकी माख्याताले कथासंसारभित्र उपस्थित भएर आफ्नो कथा आफै भनेकी छ। यसमा समाख्याता ‘म’ ले ऊपात्र (रमेन्द्र) सँगको विगतको प्रेम सम्बन्ध र आफ्नो भविष्यको योजनाका बारेमा वर्णन गरेकी छ। प्रस्तुत कथाको समाख्याता ऊपात्र सँगसँगै कार्यात्मक तहमा प्रत्यक्ष सहभागी भएको भए पनि उसको आत्मगत अभिव्यक्ति भने प्रष्ट रूपमा आएकोले वाच्यत्व पहिचान गर्न सहज भएको छ । यसका निम्ति कथाको निम्न लिखित अंशलाई उदाहरणका रूपमा लिन सकिन्छ :

> रमेन्द्र ! तिमी पनि सुख खोज्छौ, म पनि, तर हाम्रो सुख एकै ठाउँमा छैन । तिमी एकातिर बग्छौ, म अर्कातिर । सम्झ चार वर्षले हामीलाई कता कता पुऱ्यायो ।... म ग्ल्याडिओलसजस्तो कोमल छैन, म तिमीलाई बिझाउँछु ।...तिमीलाई थाहा छैन होला, मसँग विवाह हुनेको पाँच वर्षकी एउटी छोरी छे । ....त्यो टुहुरी केटी र उसको बाबुलाई आफ्नो भएभरको माया दिन्छु, सिङ्गै मुटु उनीहरुको अगाडि राहिदिन्छु । तिमीलाई थाहा छ, अनि त्यो केटीको बाबुले मलाई कति माया गर्छ, धेरै धेरै माया गर्छ । रममेन्द्र तिमीलाई थाहा छ हगि, म पेन्टिङ गर्छु । तिमीलाई त मेरो पेन्टिङ कहिल्यै मन पर्दैनथ्यो । मैले ब्रस समातेँ कि तिमीलाई झर्को लाग्थ्यो । त्यस केटीको बाबुलाई मेरो रुचिका बारेमा सब थाहा छ, अझ मैले तस्बिर पनि बनाउँछु भन्ने सुनेर त ऊ ज्यादै खुशी भयो (शाह, २०७४, पृ.६४)

प्रस्तुत कथांशबाट समाख्याताको लैङ्गिकता, रुचि, पेसा, स्वभाव आदिका बारेमा जानकारी पाइन्छ । यस कथाकी समाख्याता अविवाहित नारी हो । रमेन्द्र समाख्याताको पूर्व प्रेमी हो । उसको चार वर्ष पहिले रमेन्द्रसँग प्रेम सम्बन्ध थियो । रमेन्द्रको शङ्कालु तथा कच्चा स्वभावका कारण समाख्याताले उसको प्रेमलाई विश्वास गर्न छोडेकी छ । रमेन्द्रले विगतलाई भुलेर पुन : आफ्नो प्रेम स्वीकार गर्न अनुरोध गरे पनि समाख्याताले अस्वीकार गरेकी छ । आफ्नो बारेमा आफैं निर्णय गर्नसक्ने ऊ सचेत र शिक्षित छे। उसले आफ्नो दाम्पत्य जीवन आफै तय गरेको कुरा आत्मगत अभिव्यक्तिका माध्यमबाट व्यक्त गरेकी छ। जुन कुरा माथिको साक्ष्यले पुष्टि गरेको छ।

यस कथाकी समाख्याता चित्रकार पनि हो । उसको कलाकारितालाई रमेन्द्रले मन नपराए पनि हुनेवाला जीवन साथीले मन पराउँनुका साथै उसका चित्रहरू हेरेर रमाएको कुरा उसले आत्मगत अभिव्यक्तिका रूपमा प्रस्तुत गरेकी छ। यसले प्रस्तुत कथाको समाख्याता कला तथा श्रममा विश्वास राख्ने तथा अरूको सम्मान गर्ने किसिमकी देखिन्छे। समाख्याताको यस अभिव्यक्तिलाई यस कथांशले पुष्टि गर्दछ : “रमेन्द्र तिमीलाई थाहा छ हगि, म पेन्टिङ गर्छु। तिमीलाई त मेरो पेन्टिङ कहिल्यै मन पर्दैनथ्यो। मैले ब्रस समातेँ कि तिमीलाई झर्को लाग्थ्यो। त्यस केटीको बाबुलाई मेरो रुचिका

बारेमा सब थाहा छ, अझ मैले तस्बिर पनि बनाउँछु भन्ने सुनेर त ऊ ज्यादै खुशी भयो" (शाह, २०७४, पृ.६४) । यसप्रकार प्रस्तुत कथाको समाख्याताको आत्मगत अभिव्यक्तिबाट समाख्याताका बारे धेरै सूचनाहरू प्राप्त भएका छन् । उसको आवाज उच्च छ र त्यो नजिकैबाट सुन्न सकिन्छ । यस कथाकी समाख्याताले जीवनलाई व्यवहारिक रूपमा र नजिकबाट बुझेकी छ । ऊ जीवनप्रति आशावादी छ । शिक्षित, हातमा सीप भएकी कलाकारका रूपमा रहेकी यस कथाकी समाख्यातामा आफ्नो जीवनको आफै निर्णय गर्नसक्ने क्षमता छ । आफ्ना जीवन भोगाइका अनुभूतिहरुलाई नहिचकिचाई कथाका रूपमा प्रस्तुत गर्ने यस कथाकी समाख्याताले सम्बोधित वा श्रोता नजिकै रहेको ठानेर आफ्ना भावनाहरू, अनुभूतिहरू, मानसिक क्षोभहरूलाई एकएक गरी प्रस्तुत गरेकोले उसको आवाज खुला र उच्च पनि छ ।

**समाख्याताको दृष्टिकोणको रूपमा वाच्यत्व**

समाख्याताको दृष्टिकोणको पहिचानबाट पनि कथामा समाख्यानात्मक वाच्यत्व ठम्याउन सकिन्छ । समाख्यानमा समाख्याता वर्णनकर्ताको रूपमा मात्र रहँदैन, ऊ टिप्पणीकर्ता र मूल्याङ्कन कर्ताको रूपमा पनि रहेको हुन्छ । समाख्याता कथा प्रस्तुतिका क्रममा घटना, कार्य, चरित्र, अवस्था स्थिति आदिका बारेमा टिप्पणी र मूल्याङ्कन गर्दछ । समाख्याताको यस्तो कार्यबाट सम्बन्धित पक्षका बारेको उसको दृष्टिकोण वा विचार अभिव्यक्त भइरहेको हुन्छ । समाख्यानमा समाख्याताको दृष्टिकोण के कस्तो छ र त्यो कसरी आएको छ भन्ने कुराको अध्ययन विश्लेषणबाट समाख्यानात्मक वाच्यत्व पहिचान गर्न सकिन्छ ।

प्रेमा शाहका संलग्न स्वकथनात्मक समाख्यानमा समाख्याताले कथाको घटना, कार्य, चरित्र र स्थिति आदिका बारेमा वर्णन गर्ने क्रममा कतै टिप्पणी र कतै मूल्याङ्कन गरेको पाइन्छ । यसबाट समाख्यातासम्बन्धी सूचनाहरू प्राप्त गर्न सकिन्छ । 'पहेँलो गुलाफ' कथाको समाख्याता 'म' आफ्नै कथा भन्न कथासंसारभित्र उपस्थित छ । उसले आफ्नो कथा आफै वर्णन क्रममा आफ्नो श्रीमान्को कार्यप्रति टिप्पणी पनि गरेकी छ । उदाहरणका लागि कथाको निम्नलिखित अंशलाई साक्ष्यका रूपमा लिन सकिन्छ :

> म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । म पनि बिरालो हुन्छु, खस्रो काँडा उम्रेको जिब्रोले चाट्छु उहाँको कमलो आङभरि । उहाँको गुलफी आङ गाडेर एक-एक चोक्टा मासु झिक्छु र मेरो फोक्सोका जम्मै कीरा त्यसमा भरिदिन्छु ।....यसरी दिनदिनै मलाई घरदेखि भेट्न आउन उहाँलाई कत्रो मुस्किल पर्छ, त्यसैले उहाँलाई पनि यहीँ यस्तै सेतो पलङमा बाँधेर राख्न पाए कस्तो हुन्थ्यो !... उहाँको फोक्सोमा पनि मेरो फोक्सोको जसतै प्वाल, सिङ्गै आकाश अटाउन सक्ने प्वाल । हाम्रो प्वाल बढ्दै एकै ठाउँमा गएर मिल्छ, हामी ठूलो शून्य बन्छौं अनि तिनीहरुमाथि दुई वटा कत्ला परेका सारा फसिलहरूले समयलाई गुमाइसकेका हुनेछन् ( शाह, २०७४, पृ. ११) ।

प्रस्तुत कथाकी समाख्याता टिबी रोगले ग्रसित विवाहित महिला हो । ऊ एकातिर लोग्नेको यौन शोषणबाट आक्रान्त छे भने अर्कोतिर टिबी रोग लागेकोले अस्पतालको बेडमा आफ्नो आखिरी दिनको पर्खाइमा छे । ऊ लोग्नेको यौन शोषणाबाट पटक पटक दुखेर, लुछिएर आक्रान्त बनेकी छ । यस कुरालाई आफूले चुपचाप सहिदिनाले आफूमाथि अत्याचार बढेको महसु गर्दै उसले लोग्नेलाई यौनपिपासुको रूपमा मूल्याङ्कन गरेकी छ । लोग्नेको आफूमाथिको क्रियाकलापले आजित भएपछि भने बाध्य भएर ऊ विद्रोही बनेकी छ । आफूले हिजोसम्म माया गरेको लोग्नेको व्यवहार तथा लाचारीपन देखेर उसभित्र घृणा र बदलाको भावना जागृत भएको छ । ऊ दृढ भएर उसको लोग्नेलेजस्तै आफू पनि माया गर्ने बहानामा चाट्नेछ, र चाट्दा चाट्दै जीउभरि कल्लै कत्ला पार्ने अठोट पनि गरेकी छ । यसले प्रस्तुत कथाकी समाख्यातामा आलोचक तथा विद्रोहात्मक चेत रहेको कुरा स्पष्ट हुन्छ । माथिको साक्ष्यमा रहेको "म पनि टोकिदिन्छु, म पनि माया गर्न थाल्छु उहाँलाई । म पनि बिरालो हुन्छु, खस्रो काँडा उम्रेको जिब्रोले चाट्छु उहाँको कमलो आङभरि ।...मलाई माया गर्ने त्यो गुलाफी आङ पनि मेरो आङजस्तै कत्ला परेको सारो फसिल हुनुपर्छ । उहाँका ती दूध

निक्कलान् जस्ता ओठ कति लोभलाग्दा छन् , खै मेरो त्यस्तो !" भन्ने कथांशले  उसको विद्रोहात्मक चेतलाई पुष्टि गर्दछ ।

प्रस्तुत कथाको समाख्याले श्रीमान्सँग सँगै बाँच्ने सँगै मर्ने चाहाना राखेको भए पनि  श्रीमान्को यौन शोषणबाट आफ्नो चाहना क्षीण हुँदै गएको महसुस गर्न थालेकी छ । उसलाई लोग्ने शब्ददेखि नै घृणा जाग्न थालेको छ । कथांशमा रहेको समाख्याताको भनाइमा लोग्नेप्रतिको घृणाको भाव झल्किएको छ, "उहाँको मायाको प्रतिदान मेरो पनि त्यस्तै माया । उहाँ मलाई माया गर्नु हुन्छ, त्यसैले म पनि उहाँलाई माया गर्छु ।" यसले प्रस्तुत कथाकी समाख्याता महिलाहरूको यौनिक तथा शारीरिक स्वतन्त्रताका पक्षमा रहेको पनि स्पष्ट हुन्छ ।

प्रस्तुत कथाकी समाख्याताका दृष्टिकोणबाट समाख्यानात्मक वाच्यत्व पहिचान भएको छ ।  कथामा उसको आवाज नजिकैबाट सुनिने र उच्च किसिमको छ । उसलाई आफू अगाडि श्रोता बसेर कुनै पनि प्रतिप्रश्न नगरी एकोहोरो ध्यानमग्न भएर सुनिरहको छ जस्तो लागेको छ । यस कथाकी समाख्यातामा सम्भावित जिज्ञासाहरूको परिकल्पना गरी तिनबारे समेत स्पष्ट पार्दै भन्नु पर्ने सचेतता पाइन्छ । यस कथाकी समाख्याताले आफ्नो कथामा कुनै घटना वा कार्यप्रतिको दृष्टिकोण तर्क वा टिप्पणीका गर्दा उसका बारे प्रशस्त सूचनाहरू छोडेकोले वाच्यत्व पहिचान गर्न सहज भएको छ ।

शाहको 'सिउँडकिो भ्याङमुनी' कथाकी समाख्याता 'तिमी' अर्थात् रमेन्द्रको कथा र आफ्नो अनुभूति प्रकट गर्न उपस्थित छे । उसले आफ्ना जीवनमा घटेको घटना तथा कार्यप्रतिको टिप्पणी र मूल्याङ्कन गर्दा आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेकी छ । यसै क्रममा उसले आफ्नो पूर्वप्रेमी र हुनेवाला पतिका बारेमा जानकारी गराउँदा आफ्ना बारेका पनि धेरै सूचनाहरू सम्प्रेषित गरेकी छ । कथामा समाख्याताको यस किसिमको अभिवृत्तिमा समाख्यानात्मक वाच्यत्व पहिचान भएको छ । यसको पुष्टिका निम्ति कथाको निम्नलिखित तथ्यलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

> मलाई एक्लै छाडिदेऊ रमेन्द्र ! गएको कुरा  नतान । ती दिन त्यस्ते थिए ।  अहिले  रमी छ न उसी ।...तिमीले आफ्नो गतिलाई बिचैमा रोक्यौ र आफू पनि चुक्यौ । म यता पछारिएँ, हेर रमेन्द्र ! म चकिएकी छु, फेरि हातमा उठाउने कोसिस नगर । चर्किएको वस्तु फुट्न बेर  लाग्दैन । ....फुटेको भाँडो जोड्न सजिलो छ तर त्यहाँ जोडिएमा देखिने भद्दा रेखा छोपिन सक्दैन । हामीले मिल्ने कोसिस गरे पनि हाम्रो मनमा कारिएको धर्सो  साँच्ची रमेन्द्र ! हामी खुसी हुन सक्दैनौं । रमेन्द्र ! रमेन्द्र ! तिमी कमजोर छौ, तिमी प्रेमलाई पचाउन सक्दैनौ, चाँडै नै तिमी अघाउँछौ, निलेको जति सबै बान्ता गरिदिन्छौ । म तिम्रो गनाउने बान्ता हुन चाहन्नँ । सिउँडीका थुम्काथुम्की परेका डल्लाकरु हेर न, हो, म त्यस्तै सारो छु ( शाह, २०७४, पृ.६२) ।

प्रस्तुत कथाकी समाख्याता पूर्व प्रेमीको प्रेमप्रति सकारात्मक देखिन्छे तर उसँग जीवन बिताउने पक्षमा छैन । उसले रमेन्द्रले आफूलाई प्रेममा धोका दिएको मूल्याङ्कन गरेकी छ । उसले रमेन्द्रको प्रेम आत्मिक नभएर वासनात्मक भएको ठानेकी छ । ऊ वासनात्मक प्रेमलाई घृणा गर्ने र आत्मिक प्रेमलाई सम्मान गर्छे । उसले रमेन्द्रलाई अत्यन्तै अपपिक्व र अस्थिर स्वभाव भएको चरित्रका रूपमा मूल्याङ्कन गर्दै ऊ आफ्नो जीवनसाथी बन्न नसक्ने टिप्पणी पनि गरेकी छ । "रमेन्द्र ! रमेन्द्र ! तिमी कमजोर छौ, तिमी प्रेमलाई पचाउन सक्दैनौ, चाँडै नै तिमी अघाउँछौ, निलेको जति सबै बान्ता गरिदिन्छौ । म तिम्रो गनाउने बान्ता हुन चाहन्नँ । सिउँडीका थुम्काथुम्की परेका डल्लाहरु हेर न, हो, म त्यस्तै सारो छु" समाख्याताको यस किसिमको अभिव्यक्तिले सो कुरा पुष्टि गर्दछ । यसले यस कथाकी समाख्याता आफ्नो इज्जत, मान, प्रतिष्ठा तथा सामाजिक मर्यादाको समेत ख्याल गर्नसक्ने परिपक्व, शिक्षित र नैतिकवान् देखिन्छे ।

यस प्रकार प्रस्तुत कथाकी समाख्याताको व्यवहार, कार्य एवम् सोचाइ र दृष्टिकोणबाट समाख्यानात्मक वाच्यत्व प्रस्ट भएको छ । यसमा समाख्याताको आवाज उच्च छ । यसमा समाख्याताले आफ्नो अगाडि श्रोता छ र उसले आफ्नोबारेमा यावत् कुरा सुनिरहेको छ भन्ने महसुस गरेकी छ । यस कथाको समाख्याता अविवाहित नारी हो, ऊ हक्की स्वभावकी छे । मानिसको व्यवहारबाट उसको चरित्रको मूल्याङ्कन गर्नसक्ने प्रस्तुत कथाकी समाख्याता आफ्नो भविष्यको

निर्णय आफैं गर्नैसक्ने परिक्व र समाजलाई मर्यादित बनाउने किसिमकी छ । पाठकसामु उसले कुनै पनि कुरा नलुकाई खुलस्त भनेकी छ । श्रोताले नजिकैबाट सुन्न सक्ने प्रस्तुत कथाको समाख्याताको आवाज पनि प्रस्ट र उच्च छ ।

**समाख्याताको पक्षधरताका रूपमा वाच्यत्व**

समाख्याताको पक्षधरताका आधारमा पनि समाख्यानात्मक वाच्यत्व पहिचान गर्न सकिन्छ । कथावाचन गर्दा समाख्याताले कुनै पात्रको पक्ष लिएको हुन सक्छ । कथामा समाख्याता कसैप्रति सहानुभूतिशील हुन सक्छ, कसैप्रति नतमस्तक हुन सक्छ, कसैको विचारको समर्थक हुन सक्छ र कसैप्रति सहयोगी पनि हुन सक्छ । समाख्याता बारेको यस्तो सूचनाबाट उसको वाच्यत्व पहिचान गर्न सकिन्छ । शाहको 'पहँलो गुलाफ' कथाकी समाख्याता टिबि रोग लागेका कारण उपचारका लागि अस्पतालको बेडमा छे । ऊ टिबि रोगका कारणले भन्दा पनि लोग्नेको यौनहिंसाबाट अत्यन्तै पीडित बनेकी छ । ऊसले आफ्नो यौनिकतामाथि आफ्नै अधिकारको प्रयोग गर्न सकेकी छैन । लोग्नेको यौनशोषणबाट आक्रान्त बनेकी यस कथाकी समाख्या आफ्नै यौनिक स्वतन्त्रताका पक्षमा उभिएकी छ । उसले आफ्नो यौनिक स्वतन्त्रताको पक्षमा आवाज उठाउने सन्दर्भमा प्रतीकात्मक रूपमा आम महिलाहरूको यौनिक स्वतन्त्रताका विषयमा पनि आवाज उठाएकी छ । यसले प्रस्तुत कथाकी समाख्याता लोग्ने पीडित महिलाहरूका पक्षमा रहेको स्पष्ट हुन्छ । छ "च्व : मेरो पहँलो गुलाफ, एउटा-एउटा पातमा एउटा एउटा लाभ्रे । सबै फूल खाएर सकिन लागेसके, यी लाभ्रेहरू कति चाँडो-चाँडो पातलाई सक्दा रहेछन्" (शाह, २०७४, पृ. ११) समाख्याताको यस किसिमको अभिव्यक्तिले सो कुरा पुष्टि भएको छ ।

शाहको 'सिउँडीको भ्याङमुनी' कथाको समाख्याता 'म' आफ्नै कथा भन्न कथासंसारभित्र उपस्थित भएकी छ । उसले रमेन्द्रसँगको आफ्नो प्रेम र आफ्नै बारेमा आफै प्रकाश पारेकी छ । कथामा ऊ पूर्वप्रेमी (रमेन्द्रको पक्षमा नभई हुनेवाला पति र उसकी छोरीको पक्षमा उभ्याएकी छ । यस क्रममा उसले आफ्नो हुनेवावा पतिले आफू र आफ्नो कलाकारितालाई सम्मान गर्ने र उसकी पाँच वर्षकी सानी छोरीले आफूलाई देखेर आफ्नी आमा पाएजस्तै अनुभव गर्ली भन्ने विश्वास पनि लिएकी छ । यस कुरालाई निम्नलिखित कथांशले पुष्टि गर्दछ :

> तिमीलाई थाहा छैन होला, मसँग विवाह हुनेको पाँच वर्षकी एउटी छोरी छे । बिचरी आमा नभएकी केटी ! मलाई देखेर उसलाई आफ्न मामा पाएजस्तै लाग्ला हगि रमेन्द्र ! ... म त्यो टुहुरी केटी र उसको बाबुलाई आफ्नो भएभरको माया दिन्छु सिङ्गै मुटु उनीहरुको अगाडि राखिदिन्छु । तिमीलाई थाहा छ, अनि त्यो केटीको बाबुले मलाई माया गर्छ ! ओहो ! माया गर्छ, धेरै धेरै माया गर्छ । रमेन्द्र तिमीलाई थाहा छ हगि, म पेन्टिङ गर्छु । तिमीलाई त मेरो पेन्टिङ कहिल्यै मन पर्दैनथ्यो । मैले ब्रस समातेँ कि तिमीलाई झर्को लाग्थ्यो । त्यस केटीको बाबुलाई मेरो रुचिका बारेमा सब थाहा छ, अझ मैले तस्बिर पनि बनाउँछु भन्ने सुनेर त ऊ ज्यादै खुसी भयो (प्रेमा शाह, २०७४, पृ. ६४) ।

प्रस्तुत कथामा व्यक्त समाख्याताको विचारबाट उसले हुनेवाला पति र उसकी छोरीप्रति आफ्नो पक्षधरता देखाएको स्पष्ट हुन्छ । उसले आफ्नो पूर्वप्रेमी रमेन्द्रको आफूप्रतिको प्रेम वास्तविक नभएर वासनात्मक मात्र रहेको मूल्याङ्कन गरेकी छ । अस्थिर किसमिको चरित्र भएको रमेन्द्रले आफ्नो कलाकारितालाई स्वीकार नगरेर आफूलाई इज्जत दिन नसकेको ठहर गरी उसले पाँच वर्षकी छोरीको बाबुलाई जीवनसाथीको रूपमा स्वीकार गरेकी छ । सो कुरा उसले रमेन्द्रलाई नलुकाइकन खुला रूपमा भनेकी छ । यति हुँदा हुँदै पनि ऊ रमेन्द्रप्रति पूरै नकारात्मक भने छैन । यसले प्रस्तुत कथाकी समाख्याता अरुको मान सम्मान गर्ने, सहानुभूतिशील तथा मानवीय संवेदना भएको र खराब सङ्गतलाई त्यागेर अघिबढ्नसक्ने रहेको स्पष्ट हुन्छ ।

## विषयक्षेत्रको निर्धारण र पात्रचयनका रूपमा वाच्यत्व

समाख्यानमा कस्तो घटना तथा विषयक्षेत्रको निर्धारण गर्ने र केकस्ता पात्रहरूको चयन गर्ने भन्ने कुरामा समाख्याताको महŒवपूर्ण भूमिका रहेको हुन्छ । समाख्याताले आवश्यकताअनुसार विषयक्षेत्र वा घटना र पात्रको निर्धारण, चयन र प्रतिबन्ध गर्दछ । यसबाट समाख्याताको वाच्यत्व निर्धारण गर्न सकिन्छ । कथामा समाख्याताले कुनै विषयलाई बढी महत्व दिने र कुनैलाई  नदिने, कुनै पात्रलाई अगाडि ल्याउने र कुनै पात्रलाई पर्दाभित्र सीमित गर्ने वा प्रतिबन्ध गर्ने कार्य गर्दछ । समाख्याताको यस्तो कार्यबाट उसको अभिवृत्ति वा दृष्टिकोण थाहा पाउन सकिन्छ । त्यसकारण विषयक्षेत्रको निर्धारण र चयनलाई पनि वाच्यत्व पहिचानको एउटा महŒवपूर्ण आधारका रूपमा लिने गरिन्छ ।

'पहेँलो गुलाफ' कथाको समाख्याता 'म' ले कथासंसारभित्र उपसिथत भएर संलग्न स्वकथनात्मक समाख्याताका रूपमा आफैलाई सन्दर्भ बनाएर घटनाको वर्णन गरेकी छ । यस कथाकी समाख्याताले टिबी रोगका कारण भोग्नु परेको पीडा र श्रीमान्को यौनशोषणबाट उत्पन्न मानसिक तथा शारीरिक कष्टलाई कथानकका रूपमा प्रस्तुत गरेकी छ । यस कथाको उद्देश्य श्रीमान्को यौनशोषका कारण महिलामा उत्पन्न कुण्ठा, पीडा तथा त्यसको उन्नमुक्तिका लागि गर्नै विद्रोहको वास्तविकता अभिव्यक्त गर्नु रहेको छ । श्रीमान्को यौन सम्बन्धले शोषित बनेकी प्रस्तुत कथाकी समाख्याताले विषय क्षेत्रका रूपमा यौनलाई रोजेकी छ । कथाको विषय आत्मालापको रूपमा आएको हुनाले यसको अभिव्यक्तिका निम्ति समाख्याता 'म' नै केन्द्रीय पात्रका रूपमा आउनु उपयुक्त ठानी आफैलाई सन्दर्भ बनाई अन्य पात्रहरू डाक्टर, उसको श्रीमान्, सानुचा आदि पात्रलाई प्रतिबन्ध गर्दै सतही वर्णन मात्र गरेकी छ । समाख्याताको उपर्युक्त कार्य वा अभिवृत्तिबाट ऊ अन्तर्मुखी स्वभावकी रहेको प्रष्ट हुन्छ । श्रीमान् र श्रीमती बिचमा यौनसम्बन्ध हुँदा आपसी समझदारीको मुख्य भूमिका हुन्छ ।  यसमा उसले श्रीमान्ले आफ्नो आवश्यकता र  इच्छा अनुकूल श्रीमतीसँग यौनसम्बन्ध राख्दा श्रीमतीहरूले नारकीय जीवन भोग्न बाध्य भएका हुन्छन् भन्ने कुरा आफ्नै भोगाइका पीडाहरू प्रस्तुत गरेर बाहिर ल्याएकी छ । श्रीमान्को यौनशोषणबाट आक्रान्त बने पनि सामाजिक मर्यादालाई ध्यानमा राखेर भित्रभित्रै पीडाले गुम्सिएकी यस कथाकी समाख्याताले मनमा धेरै कुण्ठाहरू बोकेकी छ । मनोवादात्मक रूपमा दाम्पत्य जीवनका अनुभवहरू प्रस्तुत गर्ने यस कथाकी समाख्यातामा घृणा, द्वेष जस्ता भावनाहरू पनि  छन् । जसका कारण ऊ आफ्नै श्रीमान्प्रति बदला लिन तम्तयार भएकी छ । प्रस्तुत कथाकी समाख्यातामा सामाजिक विकृतिप्रति, लैङ्गिक विभेद, यौनहिंसा आदिका विषयमा आलोचना गर्ने तथा नारीका पक्षमा खरो आवाज उठाउने स्वभावकी भएको समेत स्पष्ट हुन्छ ।

शाहको 'सिउँडीको भ्याङमुनी' कथाको समाख्याता 'म' ले रमेन्द्रलाई सन्दर्भ बनाएर घटना प्रस्तुत गरेकी छ । यस कथाकी समाख्याताले आफ्नै सेरोफेरोमा विषयक्षेत्र निर्धारण गरी आफ्नै केन्द्रीयतामा कार्यव्यपार सम्पन्न गरेर कथा वर्णन गरेकी छ । युवा र युवतीबिच हुने प्रेम सम्बन्ध, त्यसबाट उत्पन्न हुने शङ्का उपशङ्का आदिका कारण देखिने समस्या र आखिरी परिणामलाई अभिव्यक्ति गर्नु प्रस्तुत कथाकी समाख्याताको उद्देश्य रहेको छ । यसमा युवायुवतीका बिचमा हुने प्रेमसम्बन्ध र त्यसबाट उत्पन्न हुनसक्ने समस्यालाई विषयक्षेत्रको रूपमा रोजिएको छ । यसमा संवादको ढाँचाबाट कथा प्रस्तुत गरिएको छ । समाख्याताले कथालाई विश्वसनीय बनाउनका लागि आफ्नो चरित्र, मनोवृति र जीवन भोगाइका घटनाक्रमलाई प्रस्तुत गरेको छ । यसमा समाख्याताले आफैलाई कथाको केन्द्रमा राखी चरित्रका रूपमा आफैलाई उपस्थापन गरी रमेन्द्रसँगको प्रेमका सम्बन्धमा आफ्नो स्पष्ट धारण राखेकी छ । यस सन्दर्भमा उसले प्रेम, दाम्पत्यजीवन तथा भविष्यका बारेमा समेत स्पष्ट दृष्टिकोण राखेकी छ । उसले रमेन्द्रसँगको प्रेमलाई वासनात्क ठान्दै हुनेवाला पति (छोरीको बाबु) सँगको प्रेम सम्बन्ध स्थायी र आत्मिक रूपमा स्वकार्य हुने कुरा सार्वजनिक समेत गरेकी छ ।

प्रस्तुत कथाको समाख्याताले विषयक्षेत्रको निर्धारण र पात्रको चयनमा खेलेको भूमिकाबाट उसको वाच्यत्व बुझ्न सकिन्छ । यस कथाकी समाख्याता उदार किसिमकी देखिन्छे । उसले रमेन्द्रले राखेको पुनः प्रेम प्रस्तावलाई सिधै अस्वीकार नगरी आफूसँग उसको स्वभाव, उद्देश्य तथा जीवनशैली नै नमिल्लने भएकोले सहज रूपमा अलग हुन आग्रह

गरेकी छ । प्रस्तुत कथाकी समाख्याता नैतिक, चरित्रवान र सामाजिक मूल्यमान्यता अनुकूल देखिन्छे । ऊ स्वाभिमानी र स्वयंमा आत्मनिर्भ हुनुपर्छ भन्ने मान्यतामा विश्वास राख्ने प्रकृतिकी छ ।

**निष्कर्ष**

संलग्न स्वकथनात्मक समाख्यानमा समाख्याताकले कथासंसारभित्र रहेर आफ्नो कथा आफै वाचन गर्ने हुँदा उसले अभिव्यक्त गरेका विचारहरू तथा दृष्टिकोणहरुबाट समाख्यानात्मक वाच्यत्व सहज रूपमा पहिचान गर्न सकिन्छ । प्रेमा शाहको *पहेँलो गुलाफ* कथासङ्ग्रहमा सङगृहीत 'पहेँलो गुलाफ',र 'सिउँडीको भ्याङमा' कथामा समाख्याताले आफूले भोगेको जीवनको वर्णन गर्ने क्रममा समाख्याताका आत्मपरक भाव प्रस्तुत भएका छन् । 'पहेँलो गुलाफ' कथाको समाख्याताले आफैप्रति अर्थात् लोग्नेको शारीरिक तथा यौनिक हिंसाबाट पीडित स्वयम्प्रति सहानुभूति राखेकी छ । यसमा उसले आफू पढेलेखेकी सचेत नारी भएर पनि लोग्नेका यौनिक क्रियाकलापहरुलाई चुपचाप सहिदिनाले कष्टकर जीवन व्यतीत गर्नु परेकामा आफैप्रति दुःखी बनेकी छ । आफ्ना कुराहरू पाठकसमक्ष नलुकाइकन भन्ने प्रस्तुत कथाको समाख्याताको स्वर खुला, प्रष्ट र निकै नजिकको जस्तो लाग्दछ । 'सिउँडीको भ्याङ्मा' कथाको समाख्याताले पूर्व प्रेमी रमेन्द्रको स्वार्स्थी प्रेम, अपरिपक्व व्यवहार तथा आफ्नो जीवनको लक्ष्यको वर्णन गर्ने क्रममा आफ्नो हुनेवाला पति र उसकी पाँच वर्षकी छोरीप्रति सहानुभूति राख्दै आत्मपरक भाव व्यक्त गरेकी छ । यस कथामा समाख्याताको आवाज प्रष्ट छ । उसले रमेन्द्रको प्रेमलाई स्वीकार नगरे पनि घृणा भने गरेकी छैन । आफ्नो भविष्यको निर्णय आफै गर्नसक्ने यस कथाको समाख्याता शिक्षित अविवाहित नारी हो र ऊ खुला किसिमकी छ ।

## सन्दर्भसामग्री सूची

गौतम, देवीप्रसाद (२०६९). समाख्यानात्मक वाच्यत्व. *प्राज्ञिका संसार.* १/६, चैत्र, पृ. १–३ ।

गौतम, देवीप्रसाद (२०७१). आख्यानमा समाख्याता. *वाङ्मय.* १५/१५, वैशाख, पृ. ६-९-१० ।

लुइटेल, गोविन्द (२०७३). "पारिजातका कथामा वाच्यत्व र कथनीयता". अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रि.वि. कीर्तिपुर ।

शर्मा, मोहनराज र खगेन्द्र, लुइटेल (२०५५). *शोधविधि* (दोस्रो. संस्क.). साझा प्रकाशन ।

शाह, प्रेमा (संयु सङ् ) (२०७४). *पहेँलो गुलाफ* (दोस्रो.सं). रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (सम्पा.२०५७). *नेपाली कथा.* (भाग-४ दोस्रो संस्क). साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्य अनुसन्धान र व्यवस्थापन.* शिखा बुक्स ।